# विदेह नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय
## धनुषा

# स्थानीय राजपत्र

विदेह नगरपालिकाद्वारा प्रकाशित

खण्ड : ६ सङ्ख्या : १ मिति : २०८१/०८/२१

# भाग-२

स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ को दफा १५५ ले दिएको अधिकार बमोजिम यो राजपत्र प्रकाशन गरिएको छ।

## कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि २०८१

# कर्मचारी तह बृद्धि सम्बन्धि कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०८/२१

**प्रस्तावनाः**

मधेश प्रदेश सरकारबाट जारी भएको " स्थानिय सेवा ( गठन तथा संचालन ) ऐन , २०८१ " मा रहेको तह बृद्धि सम्बन्धि प्रावधानलाई व्यवस्थित गरी कार्यन्वयन गर्न वाञ्छनीय भएकोले स्थानिय सेवा ( गठन तथा संचालन ) ऐन , २०८१ को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी विदेह नगर पालिकाको कार्यपालिकाले स्वीकृत गरी यो कार्यबिधि जारी गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधीको नाम : "कर्मचारी तह बृद्धि सम्बन्धि कार्यविधि २०८१" रहेको छ ।

२. यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः

१. "ऐन" भन्नाले मधेश प्रदेश सभाबाट पारित भई प्रदेश राजपत्रमा प्रकाशित भएको स्थानिय सेवा (गठन तथा संचालन) ऐन , २०८१ सम्झनु पर्छ ।

२. "कार्यालय" भन्नाले विदेह नगरपालिकाको कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

३. "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

४. "नगरपालिका" भन्नाले विदेह नगरपालिका बुझ्नु पर्छ ।

५. "कार्यपालिका" भन्नाले विदेह नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

६. "प्रमुख प्रशासकिय अधिकृत " विदेह नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

७. "कर्मचारी"भन्नाले स्थानिय सरकारी सेवाको पदमा बहाल रहेको स्थायी,





अस्थायी र करारका कर्मचारी सम्झनुपर्छ ।

८. "तह बृद्धि" भन्नाले ऐनको दफा ४ र २९ बमोजिम गरिने तह बृद्धिलाई सम्झनु पर्छ ।

९ "तह मिलान"भन्नाले ऐनको दफा ८ को उपदफा २२ बमोजिम अन्यन्त्र जुन सुकै कुरा लेखिएको भएता पनि स्थानिय तहमा लोकसेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानिय तहमा नियुक्त भएका अधिकृत छैठो तहका कर्मचारीहरुलाई नियुक्ति मिति देखि लागु हुनेगरी अख्तियारवालाले सातौ तहमा मिलान गरिनेछ ।

१०. "प्रदेश लोक सेवा आयोग" भन्नाले मधेश प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनु पदर्छ ।

११. "सिफारिस समिति" भन्नाले यो कार्यबिधिको दफा ५ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पदर्छ ।

१२. "मन्त्रालय " भन्नाले मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सम्झनु पदर्छ ।

१३. "स्थानिय सेवा" भन्नाले ऐनको दफा ३ बमोजिम स्थानिय तहमा रहने स्थानिय सरकारी सेवा सम्झनु पदर्छ ।

१४. "समायोजन ऐैन " भन्नाले कर्मचारी समायोजन ऐन , २०७५ सम्झनु पदर्छ ।

## ३. पदस्थापनः

१. ऐनको दफा २५ को उपदफा ११ बमोजिम ऐन प्रारम्भ हुनु भन्दा पहिले साविकको स्थनिय निकायमा नियुक्त भई हाल स्थानिय तहमा समायोजन भएका कर्मचारीहरुलाई संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट दोहोरो सहमतिको अधारमा अर्को व्यवस्था नभएसम्मका लागि कामकाज गर्न खटाईएको कर्मचारीहरुलाई आवश्यकता अनुसार प्रदेश सरकारले स्थानिय तहमा पदस्थापना गरिनेछ ।

## ४. सुचना प्रकाशन गर्नेः

१. यो कार्यबिधि बमोजिम विदेह नगरपालिकाको स्थानिय सेवामा कार्यरत स्थानिय कर्मचारीहरुको तहबृद्धि मिलानको लागि आवेदन पेश गर्न ऐनको दफा २९ को उपदका ४ बमोजिम तह बृद्धि गर्दा प्रत्येक आर्थिक बर्षको पौष र असारमा महिनामा तह बृद्धि का लागि सबै योग्यता पुरा गरेको मितिबाट ज्येष्ठता कायम हुनेगरी प्रमुख प्रशासकिय अधिकृतले तह बृद्धिको निर्णय गर्नुपर्ने छ। सो प्रयोजनको लागि कमितमा एक महिना अगावै यस नगरपालिकाले आफनो वेवसाईटमा सुचना प्रकाशन गरी दरखास्त आहवान गरिनेछ।

२. उपदफा १ बमोजिम प्रकाशित सुचना कार्यालयको वेवसाईट र सुचना पाटीमा प्रकाशन गरिने छ।

## ५. सिफारिस समितिः

१. ऐनको दफा ४ को उपदफा ६ र दफा २९ को उपदफा १ र २ बमोजिम नगरपालिकामा कार्यरत स्थानिय कर्मचारीको तह बृद्धि गर्न तथा दफा ८ को उपदफा २२ बमोजिम तह मिलान गर्न ऐनको दफा २९ को उपदफा ५ बमोजिमको तह बृद्धि सिफारिस समिति रहनेछ।

२. कर्मचारीको तह बृद्धिका लागि सिफारिस गर्न विदेह नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतको अध्यक्षतामा प्रमुख प्रशासकिय अधिकृतले तोकेको दुई जना अधिकृत स्तरको कर्मचारी रहेको तह बृद्धि सिफारिस समिति हुनेछ।

३. उपदफा (२) बमोजिमको समितीमा तह बृद्धी/स्तरबृद्धी हुने कर्मचारी बाहेकको कर्मचारी तथा प्रदेश लोक सेवा आयोगको कर्मचारीलाई बोलाउन सक्नेछ।

४. समितिको सचिवालयको काम कार्यालयको कर्मचारी प्रशासन शाखाले गर्ने।

५. समितिको बैठकको कार्यबिधि समिति आफैले निर्धारण गरे बमोजिम





हुनेछ।

## ६. सिफारिस समितिको काम , कर्तव्य र अधिकारः

सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१. तह बृद्व प्रयोजनको लागि कार्यालयबाट प्रकाशित सुचना बमोजिम हुन आएको निवेदनहरुको कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने।

२. तह बृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह बृद्धि तथा मिलानको नगरपालिकामा सिफारिस गर्ने।

३. यस कार्यविधिको दफा १४ बमोजिम तह वृद्धिको लागि सम्बन्धित निकायमा आवश्यक परामर्श माँग गर्ने।

## ७. सिफारिसः

१ सिफारिस समितिले अनुसुची १ बमोजिम ढाँचामा निवेदन साथ प्राप्त कागजातहरुको जाँच गरी कार्यालयलाई तह बृद्धिको लागि सिफारिस गर्नुपर्ने छ।

२. उपदफा १ बमोजिम सिफारिस गर्दा कर्मचारीको तह बृद्धि हुनु पुर्व को पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधी र शैक्षिक योग्यता तथा ज्येष्ठतालाई अधार मानी कम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ।

३. यस कार्यविधि बमोजिम तह बृद्धि भएका कर्मचारीहरुलाई अनुसुची २ बमोजिम ढाँचामा तह बृद्धिको पत्र दिईनेछ।

## ८. तह बृद्धि वा बढुवाको लागि आवश्यक न्युनतम शैक्षिक योग्यता र सेवा अवधीः

यस कार्यविधि बमोजिम हुने तह बृद्धि तथा ऐन बमोजिम हुने बढुवाको ऐन को दफा ४ , ८ , २८ , २९ , ३० र ३१ म तोकिए बमोजिमको

न्युनतम शैक्षिक योग्यता र सेवा अवधी पुरा गरेको गरेको हुनु पर्नेछ ।

## ९. तह बृद्धि सम्बन्धि विशेष व्यवस्थाः

१. ऐनको दफा ८ को उपदफा २२ बमोजिम लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट २०७६ सालमा स्थानिय तहको छैठौ तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीहरुलाई ऐन प्रारम्भ भएपछि एक पटकका लागि सातौ तहमा तह मिलान गर्नेछ ।

२. ऐनको दफा ८ को उपदफा २३ बमोजिम साविक स्थानिय निकायको स्वीकृत दरबन्दिमा सहायक पाँचौ तहमा स्थायी नियुक्ति पाई दश बर्ष वा सो भन्दा बढि सेवा अवधी पुरा गरी छैठौं तहमा स्तरबृद्धि भई कार्यरत रहेका र सातौ तहका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेको कर्मचारीहरुलाई ऐनको दफा २९ को उपदफा ५ बमोजिमको समितिको सिफारिसको अधारमा अख्तियारबालाले एक पटकको लागि स्थानिय सेवाको अधिकृत सातौ तहमा बढुवा गर्ने छ । त्यसरी बढुवा हुँदा माथिल्लो पद स्वत : सृजना हुने छ र तल्लो तह खारिज हुने छ ।

३. ऐनको दफा ४ को उपदफा ६ बमोजिम कर्मचारी समायोजन ऐन , २०७५ बमोजिम साविक स्थानिय निकायको सहायक तेस्रो , चौथो , पाँचौ र अधिकृत स्तर छैठौ , सातौ र आठौं तहको कर्मचारीहरु स्थानिय तहको समान पदमा समायोजन भई यो ऐन हुँदा बखत सम्म पाँच बर्ष वा सो भन्दा बढि सेवा अवधी पुरा गरेको कर्मचारीहरुलाई एक पटकका लागि समायोजन हुनु भन्दा पहिलेको सम्बन्धित पद देखि नै ज्येष्ठता कायम हुने गरी अख्तियारबालाले एक तह वृद्धि हुनेछ । यसरी स्तरबृद्धि पद स्वत : सृजना हुनेछ र कुनै कारणले निज कर्मचारीहरु बहाल नरहेमा स्वत : खारेज भई जानेछ ।

४. ऐनको दफा २८ को उपदफा १ मा यस ऐन बमोजिम तह बृद्धि वा बढुवा प्रयोजनका लागि स्थानिय तहमा स्मायोजन भएका कर्मचारीको ज्येष्ठता गणना गर्दा तहबृद्धि भएको वा नभएको दुबै अवस्थामा समायोजन हुँदाको





तत्काल अघिको सेवा समुहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधी गणना गरिनेछ ।

५. ऐनको दफा २९ को उपदफा १ बमोजिम स्थानिय सेवामा कार्यरत कर्मचारीको तह बृद्धि गर्दा तह बृद्धि हुने पद भन्दा एक तहमुनिको पदमा ३ बर्ष सेवा अवधी पुरा भएका , पछिल्लो तिन बर्षको कार्य सम्पादन मुल्याँकनमा औषत अस्सी प्रतिशत अंक प्राप्त गरेको र ऐन बमोजिमको न्युनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई क्रमश : पाँचौ बाट छैठौं , सातौं बाट आठौं र नवौ बाट दशौमा सम्बन्धित सेवा , समुह वा उपसमुहमा तहबृद्धि गरिने छ ।

६. ऐनको दफा २९ को उपदफा २ बमोजिम स्थानिय स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको तह बृद्धि गर्दा ऐन बमोजिम तहबृद्धि गरिनेछ ।

७. ऐनको दफा ४ को उपदफा ६ तथा दफा २९ को उपदफा १ र २ बमोजिम तह बृद्धि भएका कर्मचारीलाई ऐनको दफा २९ को उपदफा ५ बमोजिमको समितिको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले तहबृद्धि निर्णय कार्यान्वयन गरी अनुसुची २ बमोजिमको ढाँचामा तहबृद्धिको पत्र दिईनेछ ।

## १०. तह बृद्धि बढुवा रोक्का हुनेः

यस कार्यबिधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवश्थामा कार्यबिधिको दफा ४ को उपदफा १ बमोजिमको सिफारिस समितिले ऐनको दफा ३२ मा उल्लेख भएको तपसिल बमोजिमको अवधी सम्म कर्मचारीलाई तह बृद्धिका लागि सिफारिस गरिने छैन ।

१. निलम्बन भएकोमा निलम्बन भएको अवधी भर ,

२. तहबृद्धि वा बढुवा रोक्का भएकोमा तहबृद्धि वा बढुवा रोक्का भएको अवधी भर

३. तलब बृद्धि रोक्का भएकोमा तलब बृद्धि रोक्का अवधी भर ,

४. ऐनको दफा ४३ बमोजिम सेवा वा समुह परिवर्तन गरेका कर्मचारी भए

त्यसरी सेवा समुह परिवर्तन भएको मितिले ३ बर्ष को अवधी भर ,

५. असाधारण बिदा वा अध्ययन बिदामा बसेकोमा सो बिदा अवधी भर ,

६. स्थानिय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानुन बमोजिम गठन भएको स्वास्थ्य सेवा सम्बन्धि व्यवसायिक नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बन अवधी भर ।

## ११. तहबृद्धि वा बढुवा नियुक्ति रोक्काः

ऐनको दफा ३३ को उपदफा १ र २ मा भएका व्यवस्था विपरित तहबृद्धि वा बढुवा नियुक्ति गरिने छैन ।

## १२. तहबृद्धि कार्यान्वयनः

१. ऐनको दफा २९ को उपदफा ५ बमोजिमको समितिको सिफारिसका अधारमा कार्यपालिकाबाट भएको तहबृद्धिका निर्णय प्रमुख प्रशासकिय अधिकृतले कार्यान्वयन गर्ने छ ।

२. तहबृद्धि व्यवस्थापनमा कुनै दुविधा उत्पन्न भएमा ऐनको दफा ४० को उपदफा १ को (क) र (ख) बमोजिम बढुवा समितिको निर्णय अनुसार कार्यान्वयन गर्नु पर्ने छ ।

## १३. ज्येष्ठता कायम सम्बन्धि व्यवस्थाः

१. यस कार्यबिधि बमोजिम तहबृद्धिको लागि ज्येष्ठता गणना गर्दा स्थानिय सेवाको पदमा वहाल रहेको स्थायी कर्मचारीको सम्बन्धित तहको सेवा समुहको पदमा सुरु नियुक्ति मितिबाट लागु हुने गरी गणना गरिनेछ ।

२. यस कार्यबिधिमा अन्यन्त्र जुन सुकै कुरा लेखिएको भएता पनि स्थानिय तहमा समायोजन भएका कर्मचारीको ऐन बमोजिम तहबृद्धि लागि ज्येष्ठता गणना गर्दा ऐनको दफा २८ को उपदफा १ , २ र ३ बमोजिम गणना गरिने छ ।





## १४. जानकारी दिनुपर्नेः

यस कार्यबिधि बमोजिम गरिएको तह बृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिन भित्र संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय , लोक सेवा आयोग , मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय , राष्ट्रिय किताबखाना ( निजामती ) , प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्ने छ ।

## १५. परार्मशः

ऐन प्रारम्भ भए पछि हुने तह बृद्धि तथा बढुवा सम्बन्धि कार्य गर्दा स्थानिय तहलाई आवश्यक परेमा प्रदेश लोक सेवा आयोगबाट परार्मश लिनु पर्ने छ ।

## १६. बाधा अडकाउ फुकाउने अधिकारः

यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार मन्त्रालय र प्रदेश लोक सेवा आयोगको परार्मशमा नगरपालिकामा निहित रहने छ ।

## १७. उजुरी गुनासोः

ऐन र यस कार्यबिधि बमोजिम भएको तह बृद्धिको निर्णय उपर चित नबुझेमा निर्णय सार्वजनिक भएको मितिले १५ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी गुनासो गर्न सकिनेछ ।

## १८. प्रचलित कानुन बमोजिम हुने :

यस कार्यबिधिमा उल्लेख भएको बिषयमा यसै कार्यबिधि बमोजिम र अन्य बिषयको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

# अनुसुची १

( कार्यबिधिको दफा ७ को १ संग सम्बन्धित )

तह बृद्धिका लागि पेश गर्ने निवेदन ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू ,
विदेह नगरपालिकाको कार्यालय ,
धनुषा , मधेश प्रदेश ।

**बिषय : तह बृद्धि/स्तर बृद्धि गरी पाँउ ।**

प्रस्तुत बिषयमा यस विदेह नगरपालिकाको तह बृद्धि सम्बन्धि मिति ...............गते प्रकाशित सुचना अनुसार हाल म तपसिल बमोजिमको पद तथा तहमा रहेको र उक्त सुचना बमोजिमको पदमा तहबृद्धि/स्तर बृद्धि तथा तह मिलान हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु ।

तपसिल :

१. स्थायी नियुक्ति पत्रको प्रतिलिपी ।
२. समायोजन पत्रको प्रतिलिपि ।
३. बढुवा स्तरबृद्धि / सम्बन्धि तहबृद्धि भएको पत्रको प्रतिलिपि ।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
५. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

| **हाल कार्यरत पद** | **तह बृद्धि हुने पद** |
|---|---|
| नाम थर : | नाम थर : |
| पद : | पद : |
| सेवा : | सेवा : |
| समुह/उपसमुह | समुह/ उपसमुह : |
| स्तर/ तह : | स्तर / तह : |
| कार्यालय : | कार्यालय : |

यस उल्लेख गरिएका सवै ब्योहोरा ठिक साँचो छ , झुठो ठहरे कानुन बमोजिम सहुला बुझाउला ।

निवेदक
नाम :
कर्मचारी संकेत नं.
दस्तखत :





# अनुसुची २

( कार्यबिधिको दफा ७ को ३ संग सम्बन्धित )

तहबृद्धि पत्रको ढाँचा

मिति :-

श्री ...........................
कर्मचारी संकेत नं.........
................................

बिषय : तहबृद्धि/स्तर बृद्धि गरिएको सम्बन्धमा ।

तपाईलाई नगरपालिकाको मिति ...................... गतेको निर्णयानुसार स्थानिय सेवा ( गठन तथा संचालन ) ऐन , २०८१ को दफा ....................... बमोजिम मिति ............. गते देखि ज्येष्ठता कायम हुनेगरी स्थानिय...............सेवामा तपसिल बमोजिम तहबृद्धि/स्तर बृद्धि गरिएको छ ।

तह बृद्धि/स्तरबृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु ।

तपसिल :

| **हाल कार्यरत पद :** | **तह बृद्धि गरिएको पद :** |
|---|---|
| पद : | पद : |
| सेवा : | सेवा : |
| समुह / उपसमुह : | समुह / उपसमुह : |
| स्तर/ तह : | स्तर / तह : |
| कार्यालय : | कार्यालय : |

बोधार्थ :

श्री संघिय ममिला तथा सामान्य प्रशासन मन्त्रालय , शिंहदरवार , काठमाडौं ।
श्री लोक सेवा आयोग , केन्द्रिय कार्यालय , अनामनगर , काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय , मधेश प्रदेश , जनकपुरधाम , धनुषा ।
श्री राष्ट्रिय किताबखाना ( निजामती ) पुलचोक , ललितपुर ।
श्री प्रदेश लोक सेवा आयोग , मधेश प्रदेश , जनकपुरधाम , धनुषा ।
श्री प्रदेश किताबखाना मधेश प्रदेश , जनकपुरधाम , धनुषा ।
श्री नागरिक लगानी कोष नयाँ बानेश्वर , काठमाडौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय , धनुषा ।
श्री कर्मचारी संचयकोष जनकपुरधाम , धनुषा ।